# हिलिहाङ गाउँपालिका

हिलिहाङ गाउपालिकाको राजपत्र

| | | |
|---|---|---|
| **खण्ड :** | **सङ्ख्या :** | **७ जेष्ठ २०७५** |

**भाग –**
**हिलिहाङ गाउँपालिका**

# हिलिहाङ गाउँपालिकाको ब्याक-हो-लोडर संचालन सम्बन्धी विधेयक -२०७७

गाउँपालिकाबाट स्वीकृत मिति : २०७७/०३/१०

प्रमाणिकरण मिति : २०७७/०३/१०

# हिलिहाङ गाउँपालिकाको ब्याक-हो लोडर सञ्चालन सम्बन्धी कार्यविधी,२०७७

हिलिहाङ गाउँपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास र  विपदका समयमा समेत प्रयोग हुने तथा यस क्षेत्रका अन्य छिमेकी स्थानीय तहहरु समेतमा निर्माण गरिने भौतिक पुर्वाधारका कार्यहरुमा स-शुल्क प्रयोग गर्नका लागि यस कार्यालयसंग रहेकोनम्बरको ब्याकहोलोडर सञ्चालन र ब्यवस्थापनका लागी देहायका शर्त बन्देजमा रहि सञ्चालन गर्ने गराउने गरी यो **"ब्याकहो लोडर सञ्चालन कार्याविधि, २०७७"** स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम **"ब्याक-हो लोडर सञ्चालन कार्याविधि, २०७७"** रहनेछ।

(ख) यो कार्यविधि सातौंगाउँ सभाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२. परीभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

(क) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ।

(ख) नियमावली भन्नाले स्थानीय सरकार संञ्चालन ऐन , २०७४ लाई आधार मानी कार्यान्वयनमा आउने नियमावलीलाई सम्झनुपर्छ।

(ग) गाउँपालिका भन्नाले हिलिहाङ गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(घ) गाउँसभा भन्नाले हिलिहाङ गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(ङ) अध्यक्ष भन्नाले हिलिहाङ गाउँ कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(च) उपाध्यक्ष भन्नाले हिलिहाङ गाउँ कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ।

(छ) गाउँकार्यपालिका भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २ (ङ) मा भएको उल्लेखित ब्यवस्थालाई सम्झनुपर्छ।

(ज) प्रमुख प्रशासकीय अधिकृत भन्नाले हिलिहाङ गाउँ कार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(झ) वडाअध्यक्ष भन्नाले हिलिहाङ गाउँपालिकाका वडा अध्यक्षहरुलाई सम्झनुपर्छ।

(ञ) इन्जिनियर भन्नाले हिलिहाङ गाउँ कार्यपालिका कार्यालयको इन्जिनियरलाई सम्झनु पर्छ।

(ट) कार्यालय भन्नाले हिलिहाङ गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

## ३. उद्देश्य

हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक पूर्वाधार विकासका कार्यक्रमहरु, विपद प्रतिकार्यका क्रियाकलापहरुलगायत स्थानिय गाउँपालिकाबासी, सङ्घसंस्था तथा अन्य विकास आयोजनाहरु तथा छिमेकी गाउँपालिकाहरुका विकास कार्यक्रमहरुमा माग भए अनुसार प्राथमिकताका आधारमा ब्याक हो लोडर प्रयोगमा पठाउनकालागी आवश्यक भुमिका निर्वाह गर्नु नै कार्यविधिको प्रमुख उदेश्य रहनेछ ।

## ४. सञ्चालन विधि

हिलिहाङ गाउँकार्यपालिकाले कार्यालयमा रहेको ब्याक हो लोडर  सञ्चालनका लागी देहायको प्रकृया पुरा भए पश्चात मात्र फिल्डमा खटाईनेछः

(क) ब्याक हो लोडर माग गर्ने व्यक्ति वा संस्थाबाट तोकिएको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

(ख) ब्याक हो लोडर माग गर्ने व्यक्ति वा संस्थाको माग निवेदन उपरगाउँपालिका अध्यक्ष वा कार्यालय प्रमुखबाटतोक आदेश भएपश्चात के कति समयका लागि माग गरिएको हो माग गरिएको समय बराबरको गाउँ कार्यापलिकाको कार्यालयले तोके अनुसारको शुल्क अग्रिम गाउँ कार्यपालिकाको कार्यालयमा नगदै वा तोकिएको बैकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

(ग) ब्याक हो लोडर माग गर्ने व्यक्ति वा संस्थाले गाउँ कार्यपालिकाको कार्यालयले तोकेको शुल्क बुझाएपश्चात गाउँकार्यपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाउने व्यवस्था मिलाईनेछ।

(घ) ब्याक हो लोडर अपरेटरलाई गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृत लिखित आदेशविना कुनै स्थान विशेषमा मेशिन लगि काम गर्ने गराउने अधिकार रहने छैन ।

(ङ) निवेदकले माग गरेको समय भन्दा बढी समय सम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेसिन अपरेटरले तत्काल गाउँपालिका अध्यक्ष वा कार्यालय प्रमुखलाई खबर गरी थप कार्यआदेश लिएर थप समयको रकम अग्रिम गाउँपालिकामा जम्मा गर्न लगाएर मात्र मेसिन सञ्चालन गर्नु पर्नेछ।

(च) मेशिन प्रयोग गरे वापत प्रतिघण्टा वा दिनको शुल्क निर्धारण गरी  तोकिए बमोजिम हुनेछ।

(छ) मेशिन फिल्डमा खटाउदा कार्यालय कम्पाउण्डदेखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भएसम्मको मिटरको हिसाब गणना गरी लाग्ने शुल्क मेशिन प्रयोगकर्ताले बुझाउनु पर्नेछ।

(ज) मेशिन खटी गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भए पश्चात मेशिन अपरेटरले कामको विवरण सहित मिटर तोकिए बमोजिमको अद्यावधिक अभिलेख भरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(झ) अभिलेख अद्यावधिकका लागी कार्यालयबाट आवश्यक फारमहरु तथा सवारी लक बुकको व्यवस्था गरिनेछ।

(ञ) गाउँ कार्यपालिकाको कार्यालयबाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लगत खडा गरिनेछ।

(ट) ब्याक हो लोडरमाग गर्ने व्यक्ति वा संघ संस्थाले ब्याक हो लोडर शुल्क बुझाउदा हिलिहाङ गाउँपालिकाको राजस्व शाखामा नगदै जम्मा गर्नु वा यस कार्यालयको नाममा सिभिल बैक लिमिटेड गोपेटार शाखामा रहेको धरौटी खातामा रकम जम्मा गरी सक्कलै भौचर पेश गर्नेछ।

(ठ) ब्याक हो लोडर काममा खटिई तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम सञ्चित कोषमा रहेको खण्डमा अपरेटरको तथा योजना शाखा वा प्राविधिक शाखाको सिफारिसका आधारमा मात्र गाउँपालिका अध्यक्ष वा कार्यालय प्रमुखको आदेशको आधारमा सञ्चित समय वापत हुन आउने रकम माग गरेको एक हप्ता भित्र चेक द्वारा फिर्ता गरिनेछ।

(ड) गाउँपालिकाले आफ्नो कार्यको लागी ब्याक हो लोडर प्रयोग गर्दा यो ब्यवस्था लागु हुने छैन। यस्तो कार्यको लागी ब्याक हो लोडर व्यवस्थापन एवं संचालन समितिले तोकिए बमोजिम हुनेछ।

**५. इन्धन तथा मर्मत सम्बन्धि व्यवस्था**

(क) मेशिन अपरेटरले इन्धन तथा लुब्रिकेन्टस माग गर्दा कार्यालयले निर्धारण गरेको फारम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ। इन्धन तथा लुब्रिकेन्टस खपतको अद्यावधिक लगत मेशिन अपरेटरले तयार गरि ईन्जिनियरको सिफारिस सहित कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(ख) इन्धन तथा लुब्रिकेन्टस र मर्मत सम्बन्धी सम्पुर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक राखिनेछ।

(ग) मेशिन बिग्रिएमा बिग्रिएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ। कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नु पर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भए पस्चात मात्र मर्मत सम्भार कार्य गरिनेछ।

(घ) मर्मत सम्भारको कार्य गर्दा गराउँदा मेसिन अपरेटर वा ईन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ।

(ङ) ब्याक हो लोडरबाट प्राप्त भएको आम्दानीलाई छुट्टै अभिलेख राखिनेछ। उक्त रकमबाट आवस्यक पर्ने इन्धन , कर्मचारी खर्च रमर्मतको लागी खर्च गर्न सकिनेछ।

### ६. ब्याक-हो लोडर सञ्चालन शुल्क

कुनै व्यक्ति वा संघ संस्थाबाट ब्याक-हो लोडर माग भई आएमा देहाय बमोजिमको शुल्क नगदै वा तोकिएको बैक खातामा अग्रिम बुझाउनु पर्नेछ।

| सि.नं. | कामको प्रकार | इन्धन लगायत अन्य खर्च सहित (प्रति घण्टा) |
|---|---|---|
| १ | हिलिहाङ गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | रु १००० |
| २ | हिलिहाङ गाउँपालिका क्षेत्रभित्र अन्य निकाय, व्यक्ति, संघसंस्था तथा ठेक्कापट्टामार्फत सञ्चालित योजनाहरु | रु १५०० |
| ३ | हिलिहाङ गाउँपालिका क्षेत्र भन्दा बाहिर अन्य छिमेकी नगरपालिका वा गाउँपालिका क्षेत्र भित्र भएका योजनाहरु | रु १५०० |

अपरेटर र सहयोगी कर्मचारीलाई खाना खाजा तथा वास वस्नु परेमा बसोवासको ब्यवस्था सम्बन्धित प्रयोगकर्ताको दायित्व रहनेछ।

### ७. कर्मचारी व्यवस्था

(क) ब्याक-हो लोडर सञ्चालनका लागी आवश्यक पर्ने अपरेटर १ जना सार्वजनिक खरिद ऐन, २०६३ तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ वमोजिम सेवा करार गरिनेछ। करार सेवाको लागि छनौट गर्दा सम्झौतामा घटाघटमा कममा काम गर्न ईच्छुकलाई प्राथमिकता दिईनेछ।

(ख) अपरेटरले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरित काम गरी कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार भङ्ग गरी क्षतिपुर्ति असुल उपर गरिनेछ।

### ८. ब्याक-हो लोडर ब्यवस्थापन तथा सञ्चालन समिति

क) ब्याक-हो लोडर मेसिनलाई सञ्चालन तथा व्यवस्थापनकालागि तपसिल बमोजिमको गाउँपालिका अध्यक्ष ज्यूको संयोजकत्वमा एक समिति रहनेछ;

- ❖ गाउँपालिका अध्यक्ष -संयोजक
- ❖ प्रमुख प्रशासकीय अधिकृत -सदस्य
- ❖ वडाअध्यक्ष(३जना) -सदस्य
- ❖ ईन्जिनियर -सदस्य
- ❖ जिन्सी शाखाका प्रमुख -सदस्य

ख) समितिले ब्याक-हो लोडर सञ्चालन शुल्कको पुनरावलोकन, मेशिन सञ्चालन तथा व्यवस्थापनको लागि थप निर्देशन लगायतका कार्यहरु गर्नेछ।

## ९. विविध

(क) मेसिन माईलमिटर, घण्टा मिनेट लगायतका आधारभुत कार्य अध्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ।

(ख) मेसिन अपरेटरलाई आवश्यक सहयोग पुर्याउनका लागी आवश्यक परेको खण्डमा १ जना सहयोगीको समेत व्यवस्था गर्न सकिनेछ। यसरी खटिने सहयोगीले जिल्ला दररेट अनुसार दैनिक ज्यालादारीमा ज्याला पाउने व्यवस्था मिलाईनेछ।

(ग) मेसिन कार्यालयको पुर्ण नियत्रणमा रहनेछ। गाउँपालिकाका ईन्जिनियर वा भण्डार प्रमुखले समेत मेसिन चुस्तदुरुस्त राख्न ध्यान दिनुपर्नेछ।

(घ) मेसिन फिल्डमा खटाउने नखटाउने सिफारिस योजना शाखा तथा ईन्जिनियरको हुनेछ।

(ङ) यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गर्नु पर्ने भएमा कार्यालयले थपघट वा संशोधन गर्न सक्नेछ।

(च) मेशिनलाई क्षति नहुने गरी तोकिएको कार्य पुरा गर्नु पर्ने दायित्व चालकको हुनेछ। ठूला ठूला रुख, ढलान आदी भत्काउने कार्य चालकले गाउँपालिकामा जानकारी गराएर प्राप्त निर्देशन बमोजिम मात्र गर्नु पर्नेछ।

# अनुसूची-१

मितिः

श्रीमान गाउँपालिका अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
हिलिहाङ गाउँकार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर।

बिषयः- ब्याक-हो लोडर उपलब्ध गरी पाँउ।

यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालयको ब्याक-हो लोडर आवश्यक परेकोले देहायको विवरण भरी माग गरेको छु/छौ। नियमानुसार लाग्ने शुल्क लिई ब्याक हो लोडर उपलब्ध गराई पाँउ।

ब्याक-हो लोडर माग गर्नेले भर्नेः

| ब्याक-हो लोडर माग गर्ने व्यक्ति /संस्था/उपभोक्ता समितिको नाम ठेगाना | कामको विवरण | ब्याक-हो लोडर प्रयोग हुने स्थान | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

.............................
माग गर्नेको दस्तखत

गाउँ कार्यपालिकाको कार्यालयको तर्फबाट भर्नेः

| गा.पा. बाट खटिने स्थानसम्म लाग्ने अनुमानित समय | माग गरिएको समय र दिन | अनुमानित लाग्ने समय | अनुमानित समयको शुल्क | जम्मा गर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |

..........................
ईन्जिनियर
पेश गर्ने

....................
प्रमुख प्रशासकीय अधिकृत
सिफारिस गर्न

राजस्व शाखाले भर्नेः

| रसिद नं. र मिति | जम्मा गरिएको रकम | रकम बुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

......................
गाउँपालिका अध्यक्ष
स्वीकृत गर्नेको दस्तखत

अनुसूची २

(ब्याक-हो लोडर मर्मत सम्बन्धी निवेदनको ढाँचा)

श्रीमान गाउँपालिका अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत ज्यू
हिलिहाङ गाउँकार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर।

बिषयः ब्याक-हो लोडर मर्मत सम्बन्धमा।

महोदय,
यस हिलिहाङ गाउँ कार्यपालिकाको ब्याक-हो लोडरको तपशिलको पार्टसमा खराबी आई संञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनहुन यो निवेदन गर्दछु।

तपशिल

| क्र.सं. | समस्या आइएको सामान वा पार्टसको विवरण | परिमाण | सामान फेर्नु पर्ने वा मर्मत गर्नु पर्ने | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

<u>मेशिन अपरेटरको</u>
दस्तखतः
नामः

ईन्जिनियरले भर्नेःउपरोक्त सामान फेर्नु पर्ने र मर्मत गर्नुपर्ने भएकोले सिफारिस गर्दछु।

..............................
दस्तखत

# अनुसूची ३
## ब्याक-हो लोडर सञ्चालन लग बुक

## हिलिहाङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## पञ्चमी, पाँचथर

सवारी नं.-................ चालकको नामथरः-..........................

| सि.नं. | मिति | कामको विवरण | शुरु अंक (घण्टा मिनेट) | अन्तिम अंक (घण्टा मिनेट) | जम्मा घण्टा मिनेट | ईन्धन खर्च (अनुमानित) | अन्य खर्च | चालकको हस्ताक्षर | उ.स.बाट प्रमाणित गर्नेको नाम र हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

सिफारिस गर्नेः
आर्थिक प्रशासन

रुजु गर्नैः
ईन्जिनियर

प्रमाणित गर्नेः
प्रमुख प्रशासकीय अधिकृत